# रेडियो प्रसार सेवा विकास समिति
# (रेडियो नेपाल)

## दीर्घ सेवा पदक
## तथा पुरस्कार वितरण सम्बन्धी
## कार्यविधि, २०७९

## आधुनिक गीत छनौट
## तथा मूल्याङ्कन आधार, २०७९

# रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)
# दीर्घ सेवा पदक तथा पुरस्कार वितरण सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना:** वि.सं. २००७ साल चैत्र २० गते स्थापना भएको "रेडियो नेपाल" (२०४१ साल भदौ १ गते देखि रेडियो प्रसार सेवा विकास समिति) ले हरेक वर्ष चैत्र २० गते मनाउने वार्षिकोत्सवको अवसरमा हरेक वर्ष समितिमा कार्यरत कर्मचारी, स्थानीय सम्वाददाता जस्ता जनशक्तिहरुको मनोबल उच्च बनाई कार्यसम्पादनमा गुणस्तरीयता र प्रभावकारीता ल्याउन समितिमा २५ वर्ष स्थायी सेवा गरेका कर्मचारीहरुलाई दीर्घ सेवा पदक तथा उत्कृष्ट कर्मचारी, उत्कृष्ट स्ट्रीङ्गर रिपोर्टर/स्थानीय सम्वाददाता, उत्कृष्ट कार्यालय/प्रसारण केन्द्र/स्टेशन, गीतसंगीत प्रतियोगीता पुरस्कार लगायतका पुरस्कारहरु वितरण गर्न रेडियो प्रसार सेवा विकास समिति गठन आदेश २०४१ को दफा ३ को उपदफा (२) "क" "रेडियो प्रसार सेवा विकास समितिको लागि नीति निर्माण गर्ने" भन्ने व्यवस्था र रेडियो प्रसार सेवा विकास समिति, आर्थिक नियमावली २०४९ को नियम ६.११ आन्तरिक कार्यविधि बनाउन सक्ने : "यी नियमहरुको अधिनमा रही सञ्चालक समितिले आवश्यकता अनुसार आन्तरिक कार्यविधि बनाई लागू गर्न सक्नेछ" भन्ने व्यवस्था समेतका आधारमा यो **"रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) दीर्घ सेवा पदक तथा पुरस्कार वितरण सम्बन्धी कार्यविधि, २०७९"** स्वीकृत गरी जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) दीर्घ सेवा पदक तथा पुरस्कार वितरण सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि रेडियो प्रसार सेवा विकास समिति सञ्चालक समितिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले "रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) दीर्घ सेवा पदक तथा पुरस्कार वितरण सम्बन्धी कार्यविधि, २०७९" लाई सम्झनु पर्दछ।

(ख) "समिति" भन्नाले "रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)" भन्ने सम्झनु पर्दछ।

(ग) "कर्मचारी" भन्नाले समिति र सो अन्तर्गतका कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्दछ।

(घ) "सेवा" भन्नाले रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली, २०७७ को नियम ३ अनुसारको सेवा सम्झनु पर्दछ।

(ङ) "स्ट्रीङ्गर रिपोर्टर/ स्थानीय सम्वाददाता" भन्नाले रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली, २०७७ को नियम ३५ बमोजिम नियुक्त स्थानीय सम्वाददाता सम्झनु पर्दछ।

(च) "पुरस्कार" भन्नाले दफा (३) बमोजिमको पुरस्कार सम्झनु पर्दछ।

(छ) "गीतसंगीत प्रतियोगीता पुरस्कार" भन्नाले रेडियो नेपालको वार्षिकोत्सवमा आयोजना हुने आधुनिक वा लोक वा शास्त्रीय संगीत वा कुनै दुई (प्रतियोगीता र सम्मेलन) गीतसंगीत कार्यक्रम आयोजना हुँदा विजयी कलाकारहरुलाई प्रदान गरिने दफा ६ बमोजिमको पुरस्कार भन्ने सम्झनु पर्दछ।

(ज) "समूह" भन्नाले दुई वा दुई भन्दा बढि कलाकारहरुको टोली सम्झनु पर्दछ।

(झ) "व्यवस्थापन" भन्नाले कार्यकारी निर्देशकसहित निर्णय प्रकृयामा सहभागी पदाधिकारीहरुलाई सम्झनु पर्दछ।

(ञ) "अतिरिक्त क्रियाकलाप" भन्नाले खेलकुद, हाजिरीजवाफ, कवि गोष्ठी लगायत स्वास्थ्य शिविर, योग शिविर जस्ता क्रियाकलापहरुलाई सम्झनु पर्दछ।

३. पुरस्कारको किसिम

| क्र.सं. | पुरस्कारको नाम | संख्या | पुरस्कार | कैफियत |
|---|---|---|---|---|
| १. | दीर्घसेवा पुरस्कार | २५ वर्ष स्थायी सेवा अवधि पुगेका कर्मचारीहरु | २ तोलाको चाँदीको सिक्कामा पाँच ग्रामको सुनको सिक्का । | सेवा अवधिमा एक पटक |
| २. | उत्कृष्ट कर्मचारी पुरस्कार | ३ जना | जनही रु.२५०००। | प्रत्येक सेवाबाट १/१ जनालाई प्रमाणपत्रसहित प्रदान गरिने । |
| ३. | उत्कृष्ट स्ट्रीङ्गर रिपोर्टर/ स्थानीय सम्वाददाता पुरस्कार | १ जना | रु.१००००। | प्रमाणपत्र समेत । |
| ४. | उत्कृष्ट / कार्यालय/ प्रसारण केन्द्र /स्टेशन | १ वटा | प्रमाणपत्र मात्र | |

४. **पुरस्कार सिफारिशको आधारः (१) दीर्घसेवा पुरस्कारः** हरेक वर्षको चैत्र १९ गतेसम्म रेडियो नेपालमा २५ वर्ष स्थायी सेवा अवधि पुगेका कर्मचारीहरुलाई प्रशासन महाशाखाले सो वर्षको फागुन मसान्तभित्र सिफारिश गर्नु पर्नेछ । सो सिफारिशको आधारमा दीर्घ सेवा पुरस्कार दिइने छ ।

(२) **उत्कृष्ट कर्मचारी पुरस्कारः** समितिका महाशाखा तथा प्रादेशिक प्रसारण कार्यालय/प्रसारण केन्द्रबाट प्रत्येक वर्ष चैत्र १५ गतेभित्र उत्कृष्ट कर्मचारी सिफारिश गरी पठाउनु पर्नेछ । उत्कृष्ट कर्मचारी सिफारिश गर्दा देहायका मापदण्डहरुलाई आधार मान्नु पर्नेछ ।

(क) समितिको सेवामा स्थायी नियुक्ति भएको ५ वर्ष सेवा अवधि पुरा गरेको ।

(ख) समितिको सेवामा अब्बल भई आफ्नो जिम्मेवारी पुरा गरेको ।

(ग) पछिल्लो ५ वर्षमा कुनै पनि सामान्य वा विभागिय सजाय नपाएको ।

(घ) सम्पत्ति विवरण नियमित रुपमा पेश गरेको ।

(ङ) निजको नाममा व्यक्तिगत बेरुजु नभएको ।

(च) पुरस्कारका लागि सिफारिश हुने वर्ष अध्ययन विदा र असाधारण विदा नलिएको ।

(छ) समितिको कर्मचारी सेवा शर्त नियमावलीमा व्यवस्था भएको आचरणको पूर्ण पालना गरेको ।

(३) **उत्कृष्ट स्ट्रीङ्गर रिपोर्टर/ स्थानीय सम्वाददाता पुरस्कारः** समितिमा वर्षभरी उत्कृष्ट समाचार तथा रेडियो सामग्री संकलन गर्ने मध्येबाट समाचार महाशाखाले प्रत्येक वर्ष चैत्र १५ गतेभित्र नाम सिफारिश गर्नु पर्नेछ ।

५. **छनौट उपसमितिः** (१) पुरस्कारका लागि देहाय बमोजिमको छनौट उपसमिति रहने छ ।

| | |
|---|---|
| (क) कार्यकारी निर्देशक | संयोजक |
| (ख) नायब कार्यकारी निर्देशक (प्रशासन/आर्थिक प्रशासन) | सदस्य |
| (ग) नायब कार्यकारी निर्देशक (सञ्चार तथा कार्यक्रम) | सदस्य |
| (घ) नायब कार्यकारी निर्देशक (ईन्जिनियरिङ्ग) | सदस्य |
| (ङ) प्रशासन महाशाखा प्रमुख | सदस्य सचिव |

(२) दफा (१) बमोजिमको उपसमितिले महाशाखा, प्रादेशिक प्रसारण कार्यालय र प्रसारण केन्द्रहरुबाट प्राप्त सिफारिशको आधारमा उत्कृष्ट कर्मचारी तथा उत्कृष्ट स्ट्रीङ्गर रिपोर्टर/स्थानीय सम्वाददाता पुरस्कारकालागि छनौट गर्नु पर्नेछ ।

(३) उत्कृष्ट कार्यालय/प्रसारण केन्द्र/स्टेशनः वर्षभरी उत्कृष्ट कार्य सम्पादन, विज्ञापन संकलन आदिका आधारमा उत्कृष्ट कार्यालय/प्रसारण केन्द्र/स्टेशन छनौट गर्नेछ ।

६. **गीतसंगीत प्रतियोगीता पुरस्कारः** (१) रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) को हरेक वार्षिकोत्सवमा आधुनिक वा लोक वा शास्त्रीय संगीत वा कुनै दुई (प्रतियोगीता र सम्मेलन) आयोजना गर्न सकिनेछ ।

(२) दफा १ मा उल्लेखित आधुनिक गीत प्रतियोगीतामा गीत छनौट तथा मूल्याङ्कन कार्य ~~अनुसूचिमा उल्लेखित~~ **आधुनिक गीत छनौट तथा मुल्याङ्कन आधार, २०७९** बमोजिम हुनेछ ।

(३) दफा १ मा उल्लेखित लोक वा आधुनिक गीत प्रतियोगीतामा विजयी कलाकारहरुलाई तपसिल बमोजिमको नगद पुरस्कार र प्रमाणपत्र उपलब्ध गराइने छ ।

| क्र.सं. | पुरस्कारको नाम | संख्या | नगद पुरस्कार | कैफियत |
|---|---|---|---|---|
| १. | गीत प्रतियोगीता गायन तर्फ प्रथम | १ | रु. ४०,०००/– | प्रमाणपत्र समेत |
| २. | गीत प्रतियोगीता गायन तर्फ द्वितिय | १ | रु. ३०,०००/– | प्रमाणपत्र समेत |
| ३. | गीत प्रतियोगीता गायन तर्फ तृतिय | १ | रु. २०,०००/– | प्रमाणपत्र समेत |
| ४. | गीत प्रतियोगीता उत्कृष्ट गायन | १ | रु. २५,०००/– | प्रमाणपत्र समेत |
| ५. | गीत प्रतियोगीता उत्कृष्ट रचना | १ | रु. २५,०००/– | प्रमाणपत्र समेत |

(४) दफा १ मा उल्लेखित शास्त्रीय संगीत सम्मेलनमा सहभागी बढिमा ६ समूहहरुलाई जनहि रु.६०००/– का दरले नगद पुरस्कार र कदरपत्र उपलब्ध गराइने छ ।

(५) दफा १ मा उल्लेखित प्रतियोगीता सञ्चालन गर्दा मूल्याङ्कनमा संलग्न निर्णायकहरुलाई प्रतिव्यक्ति रु. ३०००/– र संलग्न बाह्य वाद्यवादकहरुलाई प्रतिव्यक्ति रु.२,०००/– का दरले पारिश्रमिक उपलब्ध गराइने छ ।

७. **पुरस्कारको बजेट सम्बन्धी व्यवस्था :** रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) को सालबसाली बजेटमा यस कार्यविधिमा उल्लेख भएका पुरस्कारहरुको लागि आवश्यक रकमको व्यवस्था गरिनेछ ।

८. **अतिरिक्त क्रियाकलाप आयोजनाः** रेडियो नेपालको वार्षिकोत्सवको अवसरमा व्यवस्थापनले निर्णय गरे बमोजिमका खेलकुद सहितका क्रियाकलापहरुको आयोजना गर्न सकिनेछ । अतिरिक्त क्रियाकलापमा विजयी कर्मचारीहरुलाई व्यवस्थापनले निर्णय गरे बमोजिमको नगद पुरस्कार तथा प्रमाणपत्र उपलब्ध गराइनेछ ।

९. **पुरस्कार वितरणः** रेडियो नेपालको वार्षिकोत्सवका अवसरमा उल्लेखित पुरस्कारहरु वितरण गरिने छ ।

१०. **संशोधन सम्बन्धी व्यवस्थाः** यस कार्यविधिमा कुनै फेरबदल वा संशोधन वा परिमार्जन गर्नु परेमा रेडियो प्रसार सेवा विकास समिति, सञ्चालक समितिले गर्नेछ ।

११. **बचाउः** यो कार्यविधि प्रारम्भ हुनु अघि रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) ले वार्षिकोत्सवको अवसरमा वितरण गरेका पुरस्कारहरु पनि यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

# आधुनिक गीत छनौट तथा मूल्याङ्कन आधार - २०७९

*पहिलो संशोधन स्वीकृति मिति: २०८०/१२/०४*

**प्रस्तावना:-**
रेडियो नेपालको वार्षिकोत्सवको अवसरमा आयोजना हुने आधुनिक गीतसङ्गीत प्रतियोगिताका लागि आधुनिक गीत छनौट तथा मूल्याङ्कन आधार - २०७९ बनाई लागु गरिएको छ ।

**१. सक्षिप्त नाम र प्रारम्भः-** (१) यस आधारको नाम **आधुनिक गीत छनौट तथा मूल्याङ्कन आधार - २०७९** रहेको छ ।
(२) यो छनौट तथा मूल्याङ्कन आधार समितिका कार्यकारी निर्देशकज्यूबाट स्वीकृत भएपश्चात् तुरून्त लागु हुनेछ ।

**२ परिभाषा:-**
**(क) गीत प्रतियोगिता भन्नाले** रेडियो नेपालले आफ्नो वार्षिकोत्सवको अवसरमा आयोजना गर्ने आधुनिक गीतसङ्गीत प्रतियोगितालाई जनाउने छ ।

**(ख) विषयवस्तु भन्नाले** आधुनिक गीत सुहाउँदो सामाग्री (गीत) लाई जनाउने छ ।

**३. प्रतियोगिता सञ्चालन प्रकिया :-**
(१) आधुनिक गीत प्रतियोगिताका लागि रेडियो नेपालबाट प्रसारित सूचना अनुसार प्राप्त भएका अवेदकहरू मध्येबाट विषयका विज्ञहरूको निर्णायक समूहद्वारा छनौट गरी उक्त चरणबाट छनौट भएका सहभागीहरूको अन्तिम चरणको प्रतियोगिता सञ्चालन हुनेछ ।

(२) आधुनिक गीत प्रतियोगिता छनौट चरण र अन्तिम चरण (प्रतियोगिता) गरी २ चरणमा सम्पन्न हुनेछ ।

**४. आधुनिक गीत छनौट चरणको मूल्याङ्कन देहाय वमोजिम हुनेछ :-**

(क) आधुनिक गीत प्रतियोगितामा सहभागी सबै प्रतियोगिहरूको प्रस्तुति अन्तिम प्रस्तुतिमा प्रस्तुत गर्न लामो समय लाग्ने हुँदा सहभागीहरूमध्ये उत्कृष्ट ठहरिएका २० वटा आधुनिक गीतका प्रतियोगीहरू (गायक/गायिका) लाई मात्र अन्तिम चरणमा प्रस्तुत गर्नेगरी निर्णायक मण्डलद्धारा आधुनिक गीत छनौट गरिने छ ।

(ख) निर्णायक मण्डलले अन्तिम चरणको प्रस्तुतिको लागि छनौट गर्दा अनुसूची (१) बमोजिमको गीत छनौट मूल्याङ्कन फारममा उल्लेख भए बमोजिम अङ्क भारका आधारमा मूल्याङ्कन गर्नेछन् ।

(ग) निर्णायक मण्डलले अनुसूची (१) मा उल्लेख भए बमोजिमका विभिन्न आधारहरूमध्ये निर्णायकहरूबाट अनुसूची (१)को फारममा उल्लेख भएका सबै शीर्षकमा मूल्याङ्कन गर्नेछ ।

(घ) निर्णायक मण्डलबाट अनुसूची (१) बामोजिम मूल्याङ्कनबाट प्राप्त गर्ने २० वटा गीतहरू उत्कृष्टताको आधारमा अन्तिम चरणको प्रस्तुतिका लागि छनौट हुनेछन्।

**५. गीत छनौट प्रक्रियाका मापदण्डहरू:-** निर्णायक मण्डलले छनौट चरण र अन्तिम प्रस्तुतिको लागि आधुनिक गीत छनौट गर्दा देहायको मापदण्डको आधारमा छनौट गर्नु पर्नेछ ।

(क) आधुनिक गीत गायनका लागि तोकिएको आधुनिक गीत मूल्याङ्नका आधारहरूमा आधारित रही सचेतना प्रवाह गर्ने किसिमको आधुनिक गीत छनौट गरिनेछ ।

(ख) गीत छनौट गर्दा अनुसूची (१) मा उल्लेख भए बमोजिम सुर, ताल, प्रस्तुति, मिठास, मौलिकता र शैली समेतको आधारमा मूल्याङ्न गरी छनौट गरिनेछ ।

(ग) निर्णायक मण्डलले अङ्क प्रदान गर्दा ८०% भन्दा बढी र ४०% भन्दा कम अङ्क प्रदान गर्नुपर्दा दिइएको नम्बरको औचित्य खुलाउनुपर्नेछ ।

(घ) छनौट चरणको लागि मूल्याङ्कनकर्ता/निर्णायक विज्ञहरू जम्मा २ (दुई) जनामध्ये रेडियो नेपालमा कार्यरत नभएका बाहिरी विज्ञ नै २ (दुई) जना मनोनयन गरिनेछ ।

(घ) छनौट चरणमा उतीर्ण भई अन्तिम चरणमा स्वर तर्फ प्रतिस्पर्धा गर्ने कलाकारहरूलाई पनि प्रशंसापत्र प्रदान गरिनेछ ।

**६. अन्तिम चरणको प्रस्तुतिको मूल्याङ्कन देहाय बमोजिम गर्नु पर्नेछ:-**

(क) छनौट चरणबाट छनौट भएका गीतहरूमध्येवाट निर्णायक मण्डलले अनुसूची (२) बमोजिमको फाराममा उल्लेख भएअनुसारको अङ्क भारको आधारमा मूल्याङ्कन गर्नेछ ।

(ख) निर्णायक मण्डलले अनुसूची (२) वमोजिम गरेको मूल्याङ्कनमा प्राप्त अङ्कको आधारमा प्रथम, द्धितीय, तृतीय, उत्कृष्ट गीतकार तथा उत्कृष्ट सङ्गीतकार गरी ५ पुरस्कार घोषणा गर्नेछ ।

(ग) अन्तिम चरणको लागि मूल्याङ्कनकर्ता/निर्णायक विज्ञहरू रेडियो नेपालमा कार्यरत विज्ञहरू भन्दा बाहिरबाट मनोनयन गरिनेछ ।

७. **निर्णायक मण्डलः**-आधुनिक गीत प्रतियोगिताको छनौट चरण र अन्तिम चरणको प्रस्तुतिको मूल्याङ्कनको लागि देहाय बमोजिम छुट्टाछुट्टै निर्णायक मण्डल रहनेछन ।

(क) **छनौट चरणको निर्णायक मण्डल** :- विषय विज्ञताको आधारमा २ (दुई) सदस्यीय निर्णायक मण्डल मनोनय गरिनेछ ।

(ख) **अन्तिम प्रस्तुतिको निर्णायक मण्डल** :- विषय विज्ञताको आधारमा गायन, सङ्गीत र रचनातर्फको मूल्याङ्कनका लागि ३ (तीन) सदस्यीय निर्णायक मण्डल मनोनय गरिनेछ ।

८. **निर्णायक मण्डललाई विशेषाधिकारः**- आधुनिक गीत प्रतियोगिताको छनौट तथा मूल्याङ्कन सम्बन्धी यस छनौट तथा मूल्याङ्कन आधारमा उल्लेख नभएका बिषयमा कुनै समस्या आइपरेमा निर्णायक मण्डलले निर्णय गर्नेछ । निर्णायक मण्डलको निर्णय अन्तिम हुनेछ ।

९. **प्रतियोगिता सञ्चालन हुने स्थानः**- आधुनिक गीत प्रतियोगिताको दुवै चरणको कार्यक्रम रेडियो नेपालको केन्द्रिय कार्यालय, सिंहदरवार परिसरमा सञ्चालन हुनेछ ।

१०. **पुरस्कारः**- आधुनिक गीत प्रतियोगिताको अन्तिम चरणको प्रस्तुतिमा सहभागी हुने प्रतियोगीहरूमध्येबाट प्रथम हुनेलाई रू ४०,०००-/(चालिस हजार), द्वितीयलाई रू ३०,०००-/ (तिस हजार) र तृतीयलाई रू २०,०००-/ (बिस हजार) र उत्कृष्ट रचनाकार १ जना र उत्कृष्ट सङ्गीतकार १ जना गरी जम्मा दुई जनालाई जनही रू २५,०००-/ (पच्चिस हजार) नगद पुरस्कारका साथै प्रमाण-पत्र समेत प्रदान गरिनेछ ।

११. **प्रतियोगिता सञ्चालनः**- प्रतियोगिताको सञ्चालन रेडियो नेपालद्वारा हुनेछ ।

१२. यो आधुनिक गीत छनौट तथा मूल्याङ्कन आधार-२०६९ संसोधन वा परिमार्जन गनुपरेमा कार्यकारी निर्देशकले निर्णय गरेपछि लागू हुनेछ।

अनुसूची-(१)
रेडियो नेपालको वार्षिकोत्सवको अवसरमा रेडियो नेपालद्वारा सञ्चालन हुने
आधुनिक गीत प्रतियोगिताको
**छनौट चरणको मूल्याङ्कन फाराम**

| क्र.सं. | नाम | सुर २५ अङ्क | ताल १५ अङ्क | मिठास २० अङ्क | मौलिकता १५ अङ्क | प्रस्तुति/शैली २५ अङ्क | कूल प्राताङ्क १०० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| ६. | | | | | | | | |
| ७. | | | | | | | | |
| ८. | | | | | | | | |
| ९. | | | | | | | | |
| १०. | | | | | | | | |

मूल्याङ्कनकर्ता/निर्णायकको नाम :-

हस्ताक्षर:-

मिति:-

## अनुसूची-२

### रेडियो नेपालको वार्षिकोत्सवको अवसरमा रेडियो नेपालद्वारा सञ्चालन हुने आधुनिक गीत प्रतियोगिताको

### <u>अन्तिम चरणको प्रस्तुतिको लागि मूल्याङ्कन फाराम</u>

| क्र.सं. | नाम | सुर २५ अङ्क | ताल १५ अङ्क | मिठास २० अङ्क | मौलिकता १५ अङ्क | प्रस्तुति/शैली २५ अङ्क | कूल प्राताङ्क १०० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| ६. | | | | | | | | |
| ७. | | | | | | | | |
| ८. | | | | | | | | |
| ९. | | | | | | | | |
| १०. | | | | | | | | |

मूल्याङ्कनकर्ता/निर्णायकको नाम :-

हस्ताक्षर:-

मिति:-